# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मितिः २०७३।०५।२१ गते

## प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको ।

---

नारायणी उप-क्षेत्रीय अस्पताल वीरगंजमा आठौं तहको मेडिकल अधिकृत पदमा कार्यरत सरोज कुमार सिंहले सार्वजनिक पदको शुरु नियुक्ति हुँदा आई. एस्सी. को झुठ्ठा शैक्षिक प्रमाण-पत्र पेश गरी सार्वजनिक पद धारण गरेको भनि परेको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज सरोज कुमार सिंहले नेपाल सरकारको मेडिकल अधिकृत पद एवं ओहदामा शुरु नियुक्ति हुन, बहाल रहन र सो हैसियतले लाभ तथा सुविधा लिने उद्देश्यले बिहार ईन्टरमिडियट शिक्षा परिषद् अन्तर्गत राधा कृष्ण पुरुषोत्तम लाल धनुका किसान कलेजबाट सन् १९९९ मा जारी भएको आई. एस्सी. तहको नक्कली एवं झुठ्ठा शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी राष्ट्रसेवक मेडिकल अधिकृत पदमा २०६६/१०/२५ देखी नियुक्ति भई कार्यरत रही लाभ तथा सुविधा लिई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएको हुँदा निज सरोज कुमार सिंहलाई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी